# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मेलुङ गाउँपालिका
## दोलखा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

मेलुङ गाउँपालिका

दोलखा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

मेलुङ गाउँपालिका

दोलखा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ । यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कानुन निर्माण र न्याय सम्पादन, बजेट अनुशासन, आन्तरिक आय, वर्षान्तको खर्च, स्वीकृत कर्मचारी दरबन्दी र पदपूर्ति, सेवा प्रवाह, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन प्रणाली, सहकारी संस्थाहरुको नियमन र व्यवस्थापन, सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरका अलवा गाउँपालिकाले गरेको चालु तथा पूँजीगत खर्चसँग सम्बन्धित उल्लेख्य विषयहरु समावेश गरी सो उपर राय सहितको व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा समावेश गरिएको छ । अतः लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु ।

**(तोयम राया)**

**२०८१, जेष्ठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

बागमती प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. १२६

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू ,

मेलुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

मेलुङ, दोलखा ।

१. **कैफियत सहितको राय** – हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस गाउँपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. गाउँपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.३ करोड ६९ लाख ६७ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. २ करोड ५१ लाख ९९ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. १ लाख २५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड १६ लाख १४ हजार र नियमित गर्नुपर्ने रु.२९ लाख समेत गरी यस वर्ष रु.१ करोड १७ लाख ६८ हजार बेरुजू कायम रहेको छ । यस गाउँपालिकाको गतवर्ष सम्म रु. १६ करोड ४२ लाख ५८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको

अद्यावधिक बेरुजू रु. १७ करोड ६० लाख २६  हजार रहेको छ । **यस गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ** ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने मेलुङगाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाह लगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud)  वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी  गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud)  वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**( शंकर प्रसाद पन्थी )**

**नायब महालेखापरीक्षक**

मेलुङ गाउँपालिका,

दोलखा जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७२ | ६३ | ३६९६७ | ० | २४ | २५१९९ | ७२ | ३९ | ११७६८ | १२५ | २९ | ११६१४ | ० | ० | ११६४३ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दोलखा | १७४९६९ | ० | १०७११ | १६४२५८ | ० | ११७६८ | १७६०२६ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | ०७९।८० | २३ | भरपाई पेश गरेको | २९७५० |
| २ | ०७९।०८० | ३४ | नियमित गरेको प्रमाण पेश गरेको | १०००००० |
| ३ | ०७९।०८० | ३६ | प्रमाण पेश गरेको | ९२३३०० |
| ४ | ०७९।८० | ३७ | नियमित गरेको प्रमाण पेश गरेको | २५१२९०९ |
| ५ | ०७९।८० | ४१ | नियमित गरेको प्रमाण पेश गरेको | ११७३३००९ |
| ६ | ०७९।८० | ४४ | नियमित गरेको प्रमाण पेश गरेको | २७१०६६६ |
| ७ | ०७९।८० | ५४ | प्रमाण पेश गरेको | ११९६६६८ |
| ८ | ०७९।८० | ५६ | नियमित गरेको प्रमाण पेश गरेको | ३२७१५४३ |
| ९ | ०७९।८० | ५७ | प्रमाण पेश गरेको | ९९६६६० |
| १० | ०७९।८० | ७५ | भरपाई पेश गरेको | ८०५६९ |
| ११ | ०७९।८० | ७६ | भरपाई पेश गरेको | २२०७८० |
| १२ | ०७९।८० | ८१ | असूल गरेको प्रमाण पेश गरेको | १६२०० |
| १३ | ०७९।८० | ८३ | असूल गरेको प्रमाण पेश गरेको | ८८०६ |
| १४ | ०७९।८० | ९२ | नियमित गरेको प्रमाण पेश गरेको | ३४६८०० |
| १५ | ०७९।८० | ९३ | असूल गरेको प्रमाण पेश गरेको | ११९२३२ |
| १६ | ०७९।८० | ९४ | असूल गरेको प्रमाण पेश गरेको | ३१९०२ |
| | चालु वर्षको जम्मा | | | **२५१९८८१२** |
| | गत विगत वर्षतर्फको | - | - | - |
| १७ | २०७८।७९ | ४६ | असूल गरेको प्रमाण पेश गरेको | २४ |
| १८ | २०७७।७८ | ३८ | नियमित गरेको प्रमाण पेश गरेको | ४००४४१६ |

| | | | | |
|---|---|---|---|---|
| १९ | | ४८ | नियमित गरेको प्रमाण पेश गरेको | १५४०१५६ |
| २० | | ६०,६०.२ | नियमित गरेको प्रमाण पेश गरेको | ११४६६४७ |
| २१ | | १५ | नियमित गरेको प्रमाण पेश गरेको | ४०१९७३० |
| | २०७६।७७ | - | - | - |
| | **गत विगतको जम्मा** | - | - | **१०७१०९७३** |
| | **कुल जम्मा** | - | - | **३५९०९७८५** |

**गाउँपालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१ **(क) कार्यालयको परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस मेलुङ गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरीकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । कुल क्षेत्रफल ८६.५४ वर्ग किलोमिटर रहेको यस गाउँपालिकाको वडा संख्या ७ सभा सदस्य संख्या ३८ तथा १५१५३ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५। ३१ देखि २०८०।६। ३ सम्म रहेको थियो ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको

प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - गाउँपालिकाले गत वर्षको जिम्मेवारीबाट रु. ७४४९०७५३।- यसवर्ष कुल आन्तिरक आयबाट रु. ३९८७७८९।-, राजस्व बाँडफाँड रु. ८०१४३१५८।-, अनुदानबाट रु. ४०२७७६१७४।- र अन्य प्राप्तिबाट रु. ३३२४६८०।- समेत रु. ५६४७२२५५४।- आम्दानी भएकोमा चालु तर्फ रु. ३०१३५५९८९।- र पूँजीगत तर्फ रु. २०३८३०६२१।- समेत रु. ५०५१८६६१०।- खर्च भएको देखिन्छ । सो को विस्तृत विवरण **अनुसूची -१** मा संलग्न छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आर्थिक स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय- व्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ ।यससँग सम्बन्धित विवरण **अनुसूची-३** मा संलग्न छ ।

३ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको पाइयो । गाउँपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । गाउँपालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

३.१ **वित्तीय विवरणको यथार्थता** - गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको लागि महालेखा नियन्त्रक कार्यालयबाट लागू गरीएको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्नेमा गाउँपालिकाले सामाजिक सुरक्षातर्फको रु, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु।- र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम रु.।- समेत गरी रु. SuTRA प्रणालीमा लेखाङ्कन गरेको पाइएन। जसले गर्दा SuTRA बाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा गाउँपालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार SuTRA मार्फत् हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

३.२ **फरक हिसाब** - यस गाउँपालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा

गाउँपालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रु. ११८७६९४०५.४८, यस वर्षको भुक्तानी रु.११८७६९६२५.८८ तथा बैङ्क मौज्दात रु.११६९६०.६ फरक परेको छ । SuTRA मा गाउँपालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समावेश गरी म.ले.प.फा.नं.२७२ ले समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| SuTRA अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ७४४९०७५३.२८ | ४८८२३१८००.७६ | ५०३१८६६१०.१२ | ५९२९७४२३.९२ |
| एकीकृत आर्थिक विवरणअनुसार | ७४४९०७५३.२८ | ६०७००१२०६.२४ | ६२१९५६२३६ | ५९४१४३८४.५२ |
| **फरक** | ० | **११८७६९४०५.४८** | **११८७६९६२५.८८** | **११६९६०.६** |

३.३ **फरक जिम्मेवारी** - गाउँपालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । गाउँपालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.६,००,०९,८३८।४९ मौज्दात रहेकोमा यो वर्ष रु.७४४९०७५३.२८ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१,४४,८०,९१४.७९ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गरी हिसाब मिलान हुनुपर्दछ ।

४ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान गाउँ कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले मिति २०७९।३।२७ गते रु.६० करोड ९० लाख ५० हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९।३।२७ मा नै पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।४।५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

५ **मौज्दात रकम** - गाउँपालिकाले यस वर्ष चालु तथा पूँजीगत कार्यका लागि रु.४९२६४२०००।- खर्च गरेको पाइयो भने गाउँपालिकाको बैंक खातामा रु.५९२९७४२४।- मौज्दात बाँकी रहेको छ । उक्त रकम उपभोग नभई मौज्दात सधैं गईरहेको अवस्थाले गाउँपालिकाको लक्षित उद्देश्य पूरा गर्न कठिन हुने देखिएकाले सो रकमको उपयोग गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

६ **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । गाउँपालिकाले यस वर्षको आर्थिक

कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानून बमोजिम आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

७ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाइएन । यस सम्बन्धी थप व्यहोरा देहायबमोजिम छन् ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन गरेको भए पनि आवधिक रुपमा अद्यावधिक गरेको पाइएन ।

• गाउँपालिकाले २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको वार्षिक प्रतिवेदन अनुसूची २११ बमोजिम ढाँचामा तयार गरेको पाइएन ।

• स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आए तापनि पूर्णरुपमा कार्यान्वयनमा आउन सकेको देखिएन।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिम मध्यकालीन खर्च संरचना तयार गरेको पाइएन ।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मूल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा केही योजना हस्तान्तरण गरेको पाइएन भने सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा पूर्ण रुपमा सोको पालना भएको पाइएन।

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरीक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।

• बजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले गाउँपालिकाको बजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको सम्बधमा यकिन गर्न सकिएन।

• निजामती सेवा ऐन, २०४९ को दफा ५ क वमोजिम कर्मचारीहरुको कार्य विवरण बनाई लागू गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा उपभोक्ता समितिबाट भएका निर्माण कार्य सम्पन्न गरीसकेपछि सार्वजनिक निकायले भौतिक संरचना लगायत विभिन्न विवरण खुलाई अभिलेख राखुपर्ने व्यवस्था भएकोमा गाउँपालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाई एक भन्दा बढी वर्षमा बजेट विनियोजन हुन सक्ने देखिएको,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाई व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा सुशासन समिति गठन नभएको कारण संस्थागत सुशासनको स्थिति मूल्याङ्कन गर्न सक्ने स्थिति नभएको,

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ४ मा भत्ता प्राप्त गरीरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्ता लिन चाहेमा प्रत्येक आ.व.को कार्तिक मसान्त भित्र अनुसूची २ को ढाँचामा सम्वन्धित वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको,

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा २७ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्थाभएकोमा उक्त समिति गठन नगरेको तथा अनुगमन मूल्याङ्कनको कार्य नभएको,

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३१ (क) मा भत्ता प्राप्त गर्नेहरुको विवरण स्थानीय सभामा पेश गर्नुपर्ने र खर्चको समिक्षा समेत गर्नुपर्ने भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश गरेको नगरेको,

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३२ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम/नामेसी स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने तथा वडा कार्यालयहरुमा समेत सार्वजनिक गरी राख्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना गरेको नगरेको,

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३४ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको,

• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्वन्धित समितिमा पेस गरेको नदेखिएको,

• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची बमोजिम सडकहरु निर्माण, १०० मीटरसम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नति लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ बमोजिम रु. ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैंले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख नरहेको,

• स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा स्थानीय तहले नक्सा पास गर्नुपर्ने उल्लेख छ र नक्सापास नगराई भवन निर्माण गर्न नहुने उल्लेख भएकोमा न्यून मात्रामा मात्र नक्सा पास भएको तथा अनुगमन कमजोर रहेको,

अतः आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा तथा लागू गरी गाउँपालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

८ **खर्च विश्लेषण -** गाउँपालिकाले गत वर्षको जिम्मेवारीबाट रु.७४४९०७५३।- यसवर्ष कुल आन्तिरक आयबाट रु.३९८७७८९।-, राजस्व बाँडफाँड रु.८०१४३१५८।-, अनुदानबाट रु.४०२७७६१७४।- र अन्य प्राप्तीबाट रु.३३२४६८०।- समेत रु.५६४७२२५५४।- आम्दानी भएकोमा चालु तर्फ रु. ३०१३५५९८९।- र पूँजीगत तर्फ रु.२०३८३०६२१।- समेत रु.५०५१८६६१०।- खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.७९ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुविधामा रु. ७६६६८५५।- खर्च भएको छ जुन आन्तरिक आयको ५२.०१ प्रतिशत हुन आउँछ । गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५३.३६ प्रतिशत चालु र ३६.०९ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट गाउँपालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून

खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

९ **बजेट विनियोजन -** आर्थिक वर्ष २०७९।८० को गाउँपालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाए बमोजिम विनियोजन गरेको पाइयो। **(रु. हजारमा )**

| कुल बजेट | चालु बजेट रु. | प्रतिशत | पूँजीगत बजेट रु. | प्रतिशत |
|---|---|---|---|---|
| ६०९०५० | ३५४११४ | ५८.१४ | २५४९३६ | ४१.८६ |

उक्त विवरण अनुसार गाउँपालिकाको यस आर्थिक वर्षमा कुल रु.६० करोड ९० लाख ५० हजार बजेट विनियोजन भएकोमा चालु तर्फ रु.३५ करोड ४१ लाख १४ हजार(५८.१४ प्रतिशत) र पूँजीगत तर्फ रु २५ करोड ४९ लाख ३६ हजार (४१.८६ प्रतिशत) बजेट विनियोजन भएको छ ।

१० **त्रैमासिक पूँजीगत खर्च -** आर्थिका कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुची- २ बमोजिम त्रैमासिक प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको पुँजीगत खर्चको स्थिती देहाय बमोजिम रहेको छ ।

**(रु. हजारमा)**

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | संघीय पूँजीगत | २७५४३ | ० | ४३९७ | ३३७६ | १९७७० | १०९०१ |
| २ | प्रदेश पूँजीगत | ४५१९० | ० | ४७७९ | ८२७६ | ३२१३५ | १६७६४ |
| ३ | गाउँपालिका पूँजीगत | १३३३३३ | २०० | ९४२७ | ४३४८३ | ८०२२३ | १९३०२ |
| | कूल खर्च | २०६०६६ | २०० | १८६०३ | ५५१३५ | १३२१२८ | ४६९६७ |
| | **खर्च प्रतिशत** | **७९।९५** | **०.१०** | **९.०३** | **२६.७६** | **६४.१२** | **३५.५५** |

उल्लेखित विवरण अनुसार चौथो त्रैमासिक पूँजीगत खर्चको ६४.१२ प्रतिशत खर्च भएको देखिन्छ भने असार महिनामा मात्र ३५.५५ खर्च भएको देखिन्छ । त्यसैले चौथो त्रैमासिक र असार महिनामा बढी खर्च गर्ने प्रवृत्ति नियन्त्रण गर्नमा ध्यान दिनुपर्दछ ।

११ **बजेट तथा पूँजीगत खर्च -** गाउँपालिकाको यस आर्थिक वर्षको बजेट र पूँजीगत खर्चको अवस्था देहाए बमोजिम रहेको छ । **(रु. हजारमा )**

| क्र.स. | आर्थिक वर्ष | बजेट | पूँजीगत खर्च | बजेटको तुलनामा पूँजीगत खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०७९/८० | २५४९३६ | २०३८३० | ७९.९५ |

गाउँपालिकाले यस वर्ष पूँजीगत तर्फ रु. २५४९३६०००।- विनियोजन गरेकोमा रु. २०३८३०।- खर्च गरेको पाइयो जुन ७९.९५ प्रतिशत मात्र हुन आउँछ ।

१२ **क्षेत्रगत बजेट र खर्च -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस गाउँपालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । **(रु.हजारमा)**

| **मुख्य क्षेत्र** | **वार्षिक बजेट** | **खर्च रकम** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | ४६२३० | २८४७८ | ५.७८ |
| सामाजिक क्षेत्र | २५९०३९ | २३४५८१ | ४७.६२ |
| पूर्वाधार विकास क्षेत्र | १९१७७६ | १५३४०२ | ३१.१४ |
| वातावरण तथा विपद् व्यवस्थापन | १३४०० | १११४६ | २.२६ |
| संस्थागत विकास र सेवा प्रवाह | ३७०० | १६३२ | ०.३३ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ९४८४५ | ६३४०१ | १२.८७ |
| **जम्मा** | **६०९०५०** | **४९२६४३** | **१००** |

उपर्युक्त तालिका अनुसार कुल खर्चमध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ४७.६२ प्रतिशत र संस्थागत विकास र सेवा प्रवाह क्षेत्रमा सबै भन्दा घटीमा ०.३३ प्रतिशत खर्च भएको पाइयो ।

१३ **बजेट तथा चालु खर्च -** गाउँपालिकाहरुमा वार्षिक कार्यक्रम तथा बजेट परिषदबाट स्वीकृत गरी बजेट विनियोजन गरीएको हुन्छ । **(रु. हजारमा )**

| **क्र.स.** | **आर्थिक वर्ष** | **बजेट** | **चालु खर्च** | **बजेटको तुलनामा चालु खर्चको प्रतिशत** |
|---|---|---|---|---|
| १ | २०७९/८० | ३५४११४ | २८८८१२ | ८१.५५ |

गाउँपालिकाले यस वर्ष चालु तर्फ रु. ३५४११४००० विनियोजन गरेकोमा रु. २८८८१२००० खर्च गरेको पाइयो जुन ८१.५५ प्रतिशत हुन आउँछ ।

१४ **कानून निर्माण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन सोको अधिनमा रही नियम, निर्देशिका तथा कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा गाउँपालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको देखियो ।

| **सि.नं.** | **विवरण** | **संख्या** |
|---|---|---|
| १. | ऐन | १४ |
| २. | नियमावली | ३ |
| ३. | कार्यविधि तथा निर्देशिका | १८ |
| | **जम्मा** | **३५** |

१५ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि **५३** सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको पाइयो । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउनुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौट कारवाही देहाय बमोजिम रहेको छ ।

| **गत वर्षबाट सरेका विवाद** | **यस वर्ष दर्ता भएको** | **जम्मा** | **फछ्र्यौट/कारवाही भएका विवाद** | **फछ्र्यौट/कारवाही हुन बाँकी विवाद** |
|---|---|---|---|---|
| २ | १६ | १८ | ४ | १४ |

१६ **दरबन्दी र पदपूर्ति -** गाउँपालिका अन्तर्गत स्वीकृत कर्मचारी दरबन्दी, पदपूर्ति र यस सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् ।उपर्युक्तानुसार विभिन्न ३४ पदहरु रिक्त रहेको पाइयो । यसरी कार्यालयको लागि आवश्यक महत्त्वपूर्ण पदहरु रिक्त हुँदा सो सम्बन्धी सेवा प्रवाहमा असर पर्ने देखिएकोले दरबन्दी अनुसार पदपूर्ति गर्नेतर्फ सम्बन्धित निकायको ध्यान जानुपर्दछ । यस सम्बन्धी विवरण **अनुसूची -** ४ मा संलग्न छ।

१७ **रिक्त पदको सूचना -** स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १२(१) अनुसार स्थानीय सेवाको कुनै पद रिक्त भएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिना भित्रमा पद रिक्त भएको सूचना सम्वन्धित स्थानीय तहले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई दिनु पर्ने व्यवस्था छ । गाउँपालिकाको स्वीकृत कर्मचारी दरबन्दी ८७ जना रहेकोमा देहाय बमोजिम ३६ जना स्थायी, १७ जना करारमा कार्यरत रही ३४ पद रिक्त रहेका छन् । तर पालिककाले गत विगत वर्षहरु देखि नै यस वर्षको लेखापरीक्षण अविधसम्म रिक्त पद पूर्तिका लागि तोकिएको बमोजिम प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई सूचना दिएको छैन ।

१८ **वडा तर्फको आय -** गाउँपालिकाबाट पेश भएको विवरण अनुसार वडा तर्फको राजस्व असूली तथा दाखिलाको विवरण निम्नानुसार रहेको छ ।

| **वडा** | **आम्दानी बाँधेको रसिद ठेली संख्या** | **फिर्ता प्राप्त ठेली संख्या** | **नगदी/मालपोल रसिदबाट उठेको राजस्व** | **दाखिला गरेको राजस्व** |
|---|---|---|---|---|
| **१** | - | - | १९९८२७.२ | १९९८२७.२ |
| **२** | ३ | ५ | १७३१४९.११ | १७३१४९.११ |
| **३** | ९ | १७ | २७९८६२ | २७९८६२ |
| ४ | १३ | १४ | १९३५०० | १९३५०० |
| **५** | १२ | १९ | २१२७१५ | २१२७१५ |
| ६ | १५ | १३ | १५१७६५ | १५१७६५ |
| ७ | १३ | १० | १०४२०९ | १०४२०९ |
| **जम्मा** | | | **१३१५०२७.३** | **१३१५०२७.३** |

क) गाउँपालिका अन्तर्गतका वडा नं.२, ३, ४ र ५ ले नगदी/मालपोत रसिद आम्दानी बाँधी लिएको भन्दा बढी रसिद ठेली फिर्ता गरेको देखिन्छ। अघिल्लो आर्थिक वर्ष बाँकी रहेका रसिद प्याड यो आर्थिक वर्षमा समेत प्रयोग भन्ने कार्यालय भनाइ रहको छ । नगदी/मालपोत रसिदको अद्यावधिक विवरण नराख्दा यसले आन्तरिक आय हिनामिना हुने जोखिम रहन्छ । गाउँपालिकाले रसिद नियन्त्रण खाता राखी सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ।

ख) गाउँपालिका अन्तर्गत वडा नं. ६ र ७ को नगदी/मालपोत ठेली परीक्षण गर्दा आम्दानी बाँधी लिएको ठेलि भन्दा न्यून नगदी/मालपोत ठेली फिर्ता गरेको देखिन्छ। फिर्ता नभएको ठेलीको आम्दानी गरे/नगरेको सम्बन्धमा गाउँपालिकाले यकिन गर्नुपर्दछ ।

१९ **सेवा प्रवाहको स्थिति -** गाउँपालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्न विषयमा १२९२ जनालाई देहाय बमोजिम पञ्जिकरण प्रदान प्रवाह गरेको पाइयो ।

| **विवरण** | **सेवा संख्या** |
|---|---|
| जन्म दर्ता | ५५९ |
| मृत्यु दर्ता | ३१७ |
| बसाइँ सराइ दर्ता | ६३ |
| विवाह दर्ता | ३२१ |
| सम्बन्ध विच्छेद दर्ता | ३२ |
| **जम्मा** | १२९२ |

२० **तलबी प्रतिवेदन -** स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । तर गाउँपालिकाले यस वर्ष तलबी प्रतिवेदन पारित नगरी जना स्थायी कर्मचारीलाई रु.१५६५०१७३७।- तलब भुक्तानी गरेको पाइयो भने लेखापरीक्षण अवधिसम्म पनि आर्थिक वर्ष २०७९/८० को लागि समेत तोकिए बमोजिम तलबी प्रतिवेदन पारित गराएको देखिएन । अतः उल्लेखित कानूनी व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।

२१ **स्वतः पद रिक्त -** स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १५(१) अनुसार स्थानीय सेवाको पदमा यस अध्यादेशमा व्यवस्था भए देखि बाहेक अन्य तरिकाबाट पदपूर्ति गर्न नपाईने तथा दफा १५(२) अनुसार उपदफा (१) विपरित गरीएको नियुक्ति स्वतः बदर भएको मानिने उल्लेख छ । तर गाउँपालिकाले प्रदेश कानून आए पश्चात पनि आर्थिक वर्ष २०७९/८० का लागि समेत तोकिए बमोजिम रिक्त पदको सूचना नपाठाई १७ जनालाई लागि करारमा नियुक्त गरेको कार्य नियमसम्मत नदेखिनुका साथै उक्त करार सम्झौता स्वतः निष्क्रिय हुने देखिन्छ । साथै स्वतः बदर हुने करार सम्झौताका आधारमा तलब भत्ता भुक्तानी हुन जाने अवस्था तर्फ समेत गाउँपालिकाले ध्यान दिनुपर्दछ ।

२२ **नक्सादर्ता र पास -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) मा गाउँपालिका/नगरगाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । त्यसैगरी गाउँपालिकाले नक्सा दर्ता र पास गर्दा भवन संहिताको प्रभावकारी पालना र कार्यान्वायनलाई ध्यान दिंदै नक्सा पालना र अद्यावधिक तथा अभिलेखीकरणको कार्यमा समेत ध्यान दिनुपर्दछ ।

२३ **भर्पाई बेगरको खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। देहायको भुक्तानीमा खर्च प्रमाणित गर्ने भर्पाइ तथा प्रमाण पेश नभएकोले असुल गरी संघीय सञ्चितकोष दाखिला गर्नुपर्ने रु.

| **भौ. नं./मिति** | **विवरण** | **रकम** |
|---|---|---|
| ११०-०७९।१२।१५ | (भुक्तानी लिनेः सुमन भण्डारी) आयोजना सामाजिक सुरक्षा तथा घट्ना दर्ता सम्वन्धी ५ वटा वैठकको २ जनालाई भत्ता भुक्तानी गरेको भर्पाइ नभएको | ८५०० |
| ४५-२०८०।३।२३ | (भुक्तानी लिनेः नबराज साप्कोटा) विभिन्न विद्यालयहरुको कार्यक्रम कार्यान्वयनको अवस्था अनुगमन गरेबापतको ५ जनाको २६ वटा भत्ता बुझिलिएकको भर्पाइ नभएको | २२१०० |
| **जम्मा** | | **३०,६००** |

.......... ***(प्रारम्भिक प्रतिवेदन उपर अर्जुन प्रसाद दाहालको रु. ८५०० तथा नवराज सापकोटाको रु. २१२५० समेत रु.२९७५० प्रमाण पेश भएको आधारमा मिति २०८०/११/१५ को निर्णयबाट रु.२९,७५० सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,६०० |

२४ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको गाउँपालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

२५ **आर्थिक सहायता -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । गाउँपालिकाले आर्थिक सहायता सम्बन्धी कानून तथा कार्यविधि तयार नगरी यस वर्ष विभिन्न व्यक्तीहरुलाई अध्यक्षको तोक आदेश तथा गाउँ कार्यपालिका निर्णय अनुसार औषधी उपचार, किरिया खर्च, दैवी प्रकोप पीडित लगायतका आर्थिक सहायता बापत रु.२,९७,०००।- वितरण गरेको देखियो। यस्तो वितरणमुखी खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ ।

२६ **योजना छनौट र कार्यान्वयन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने

व्यवस्था छ । गाउँपालिकाले यस वर्ष छनौट तथा कार्यान्वायन गरेका योजनाहरुको विवरण देहाय बमोजिम रहेको पाइयो ।

| क्र.सं. | विवरण | योजनासंख्या | रकम |
|---|---|---|---|
| १ | रु.१ लाख भन्दा कमको योजना | १ | ५०००० |
| २ | रू.१ लाख देखि रू.३ लाख सम्मका योजना | ९१ | १७४९९६७६ |
| ३ | रू.३ लाख देखि माथि रू.५ लाख सम्मका योजना | ४३ | १९३२१७७७ |
| ४ | रु.५ लाखदेखि माथि रू.१० लाख सम्मका योजना | २६ | २१२४८३३६ |
| ५ | रू.१० लाख देखि माथि रू.२५ लाख सम्मका योजना | २४ | २६३४९६५० |
| ६ | रू.२५ लाख भन्दा माथिका योजना | १२ | ८०९६१६६५ |
|  | **जम्मा** | **१९७** | **१६५४३०८०४** |

साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा अपेक्षित उपलब्धि प्राप्त गर्न कठिनाइ हुने हुँदा यस्तो कार्यमा नियन्त्रण गरी ठुला र प्राथमिकता प्राप्त योजनामा ध्यान दिनुपर्दछ ।

२७ **अधिक न्यून रकममा ठेक्का व्यवस्था -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा बोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । गाउँपालिकाले बोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माण, सडक स्तारोन्नती, खानेपानी योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ३३ प्रतिशत देखि ४६ प्रतिशत सम्म न्यूनमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो। गाउँपालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै न्यूनमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा गाउँपालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मूल्यमा नै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । लागत अनुमानको तुलनामा १ तिहाइभन्दा बढी न्यूनमा ठेक्का कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | न्यून प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | अँधेरी खोला रोटेपिङ्ग खानेपानी योजना | MRM-WS-01-W-NCB-2079/80 | सनस्टार मल्टिपर्पोज एण्ड कन्स्ट्रक्सन कम्पनी प्रा. लि. | ९,७४१,८४५.११ | ६,०२२,३३०.८१ | ३८.१२ |
| २ | गोलेगाउँ फड्केखोला | MRM-R-06-W-NCB-209/080 | Janaupakar Construction Pvt.Ltd | ४,९९९,८६१.०४ | २,६६६,२५०.३२ | ४५.२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | हुँदै मेलुङ ४, सडक | | | | | |
| ३ | गैरेली खानेपानी योजना मेलुङ गा.पा.-२ | MRM-WS-02-W-NCB-2079/80 | सनस्टार मल्टिपर्पोज एण्ड कन्स्ट्रक्सन कम्पनी प्रा. लि. | ७,००९,६०९.८९ | ४,३८७,९६५.७२ | ३७.३६ |
| ४ | भुमेस्थान तितेचौर डाँडाखर्क सडक | MRM-R-05-W-NCB-2079/080 | k.& S. builders | १९,९९९,०३८.१३ | १०,४८५,२९८.०५ | ४६.१३ |
| ५ | गाइखुरा मार्ग (भेड्पु पोखरी डाँडाखर्क खण्ड) | MRM-R-04-W-NCB-2079/080 | k.& S. builders | १९,९९९,८४०.९५ | ११,६४१,८४५.३२ | ४०.२ |
| ६ | लामाटार मार्ग (चौतारापाखा देखी बगुवासम्म | MRM-R-03-W-NCB-2079/080 | k.& S. builders | १९,९९९,९१५.६८ | ११,१०५,२०९.४६ | ४२.९५ |
| ७ | मेलुङ मेघासी मिल्तीखोला सडक | MRM-R-07-W-NCB-2079/080 | Yungdung Construction Pvt.Ltd. | ४,९९९,९१४.६३ | ३,०३७,५७८.१८ | ३७.५९ |
| ८ | सत्येश्वर मार्ग (सिम्टे, सत्येश्वर, थालीडाँडा खण्ड) | MRM-R-01-W-NCB-2079/80 | फुयाल इन्फ्रा प्रा. लि. तामाकोशी गाउँपालिका ५, दोलखा | ९,७४४,५७६.७४ | ६,४८१,५४६.६४ | ३३.४९ |
| ९ | खुन्द्रुके लक्ष्मी मावि भञ्ज्याङ्ग सडक | MRM-R-02-W-NCB-2079/80 | जनउपकार कन्स्ट्रक्सन प्रा. लि. | ३,८९७,७५९.०४ | २,४१४,७७०.६३ | ३८.०५ |

२८ **ठेक्का बन्दोबस्त -** कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धी संक्षिप्त विवरण देहाय अनुसार रहेको छ ।**यससँग सम्बन्धित विवरण अनुसूची-५ मा संलग्न छ ।**

उल्लेखित विवरण अनुसार यो वर्ष कार्यालयले विभिन्न कार्यको लागि रू.६ करोड ९६ लाख ५ हजार लागतको १२ वटा ठेक्का दोश्रो चौमासिकमा बन्दोबस्त गरेकोमा सबै सम्पन्न भएको देखिन्छ ।

२९ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरीने

ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

३० **निर्माण कार्य व्यवस्थापन -** गाउँपालिकाले आर्थिक वर्ष २०७९।८० मा ठेक्का र उपभोक्ता समिति मार्फत् सम्पन्न गरेको कार्यको विवरण देहाय बमोजिम रहेको पाइयो ।

| **योजना संख्या** | **ठेक्का मार्फत्** | | **उपभोक्ता समिति मार्फत्** | |
|---|---|---|---|---|
| | **संख्या** | **रकम** | **संख्या** | **रकम** |
| १९७ | १२ | ६९६०५३०१ | १८५ | १६५४३०८०४ |

यस आर्थिक वर्षमा गाउँपालिकाले सञ्चालन गरेका कुल १९७ योजना मध्ये ठेक्का मार्फत १२ वटा योजनामा रु. ६९६०५३०१ खर्च गरेको पाइयो भने उपभोक्ता समिति मार्फत सञ्चालित १८५ योजनामा रु. १६५४३०८०४ खर्च गरेको पाइयो । अर्थात १९७ योजनामा भएको खर्च मध्ये २९.६१ प्रतिशत ठेक्का प्रक्रिया र ७०.३९ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ । गाउँपालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपना, उपभोक्ता समितिको क्षमता निर्माण कार्यको प्रकृति लगायतका कुराहरु को समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

३१ **प्राविधिक मूल्यांकन र अनुगमन -** १४४-२०८०/१/१४ बाट रु.९९२२२०।- मूल्यका विभिन्न साइजका पाइप खरिद गरेको पाइयो । जस अन्तर्गत १६ mm को १०००० मिटर, २० mm को ९१९३ मिटर, २५ mm को १००० मिटर र ३२ mm १००० मिटर खरिद भएकोमा उक्त पाइपहरु वडा मार्फत् वितरण भएका केही भरपाई पेश भए तापनि कुन आधारमा लाभग्राही छनौट भएको हो र के कति वितरण भई कति परिमाण बाँकी छ, सोसम्बन्धी विवरण पेश भएन । साथै वितरित पाइप उपयोगको प्राविधिक मूल्यांकन र गाउँपालिकाबाट अनुगमन समेत भएको नपाइएकोले प्राविधिक पुष्ट्याइँ संलग्न गरी प्रयोगको अनुगमन हुनुपर्दछ।

३२ **क्रमागत योजनाको कार्यान्वयन -** गाउँपालिकाले प्रदेश समपूरक अनुदान सहितको बजेटको व्यवस्था गरी क्रमागत रुपमा प्रत्येक वर्ष एकै योजनाहरु सञ्चालन गर्दै आएको देखिन्छ । यसरी प्रत्येक वर्ष बजेट विनियोजन गरी Road Upgrading को कार्य गर्ने गरीएकोमा कतिपय कार्य आईटमहरु प्रत्येक वर्ष हुँदै आएकोले कार्यमा दोहोरोपना हुन सक्ने देखिएको छ । अतः गाउँपालिकाले सुदृढ आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यमा गुणस्तर र खर्चमा पारदर्शिता सुनिश्चत गर्नुपर्दछ ।

३३ **अधुरा आयोजना -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरीने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय

तहले यो वर्ष देहायअनुसार रु.३१२११९८३।- का ३ योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ। यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ । सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहेका छन् । सार्वजनिक खरिद ऐन, नियम तथा खरिद सम्झौता अनुसार तोकिएको समयमा कार्यसम्पन्न गर्नु, गराउनुपर्दछ ।

| **योजना/कार्यक्रम** | **निर्माण व्यसायीको नाम** | **सम्झौता रकम** | **सम्झौता मिति** | **कार्यसम्पन्न गर्नुपर्ने मिति** |
|---|---|---|---|---|
| बिरौटा मार्ग (पौवा तिनपिप्ले सडक योजना) | जनउपकार कन्स्ट्रक्सन प्रा. लि. | ९६,२०,६७६.०२ | २०७८/०८/१४ | २०७९/९/२५ |
| भुमेस्थान तितेचौर डाँडाखर्क सडक | k.& S. builders | १,०४,८५,२९८.०५ | २०७९/०८/०२ | २०८०/०३/१० |
| लामाटार मार्ग (चौतारापाखा देखी बगुवासम्म | k.& S. builders | १,११,०५,२०९.४६ | २०७९/०८/०२ | २०८०/०३/१० |

३४ **प्राविधिक मूल्याङ्कन र कार्य सम्पन्न प्रतिवेदन -**

........... ***(प्रारम्भिक प्रतिवेदन उपर नियमित गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१५ को निर्णयबाट रु.१०,००,००० सम्परीक्षण गरिएको ।)***

३५ **फरक नर्म्सको प्रयोग -** सार्वजनिक खरिद ऐन, २०६३ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा मितव्ययी किसिमले गर्नुपर्ने, सार्वजनिक खरिद नियमवाली, २०६४ को नियम ९(ङ) अनुसार सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेका विषय समेत विचार गरी मितव्ययी एवं गुणस्तरीय कार्य सुनिश्चित हुने गरी तयार गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले निर्माण कार्यमा प्रयोग गरेको नर्म्समा एकरुपता हुने गरेको पाइएन । कार्यालयले देहाय बमोजिम फरक/फरक नर्म्स प्रयोग गरी लागत अनुमान तयार गर्दा लागत अनुमान रकममा फरक परेका केही उदाहरण देहाय अनुसार छन्-

| **योजना** | **कामको विवरण** | **प्रयोग भएको नर्म्स र दर प्रति घ.मि.** | **प्रयोग हुनुपर्ने नर्म्स र दर प्रति घ.मि.** | **फरक रकम** | **जम्मा कार्य घ.मी.** | **फरक रकम** |
|---|---|---|---|---|---|---|
| ७ नं वडा कार्यालय संरक्षण | माटो खन्ने कार्य | DOR ९०६.४० | Dolidar ४८९.२५ | ४७१.२५ | १९९.८० | ८३३४६ |
| मेलुङ डाँडाखर्क सडक अन्तर्गत मानेडाँडा सडक स्तरोन्नती | ढुंगाको काम | DOR २०२६.९० | Dolidar १५९५ | ४३१.९० | १३२.०६ | ५७०३६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| अधेरीखोला रोटेपिङ खानेपानी आयोजना | माटो खन्ने कार्य | DUDBC ७८७.६९ | Dolidar ५४६.२५ | २४१.४४ | २९७८.६० | ७१९१५३ |
| मेलुङ डाँडाखर्क सडक स्तरोन्नती | ढुंगाको काम | DOR २०२६.९० | Dolidar १४५० | ५७६.९० | १५८.४७ | ९१४२२ |
| पिपलडाँडा वडाकार्यालय सडकस्तरोन्नती | ढुंगाको काम | DOR २४५१.३४ | Dolidar २२४७.०६ | २०४.२८ | ३४४.९१ | ७०४६० |

३६ **लागत अनुमानमा औजार तथा उपकरण खर्च -**

........... ***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१५ को निर्णयबाट रु.९,२३,३००। सम्परीक्षण गरिएको ।)***

३७ **ढुङ्गाको उपयोग -**

........... ***(प्रारम्भिक प्रतिवेदन उपर नियमित गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१५ को निर्णयबाट रु.२५,१२,९०९। सम्परीक्षण गरिएको ।)***

३८ **म्याद थप तथा अधुरो कार्य** - सार्वजनिक खरिद नियमावली, 2064 को नियम 120 मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्वन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्वन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुनः सोही व्यहोरा दोहोरिने गरेको पाइयो । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार म्याद थप सम्वन्धी विवरण निम्नानुसार छ ।

| ठेक्काको विवरण | सम्झौता मिति | सम्झौतारकम | सम्पन्नगर्नुपर्ने मिति | हाल सम्मको भुक्तानी | म्याद थप अबधि | सुरु अवधिको म्याद थप प्रतिशत |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| बिरौटामार्ग (पौवा तिन पिप्ले सडक योजना) | ०७८/८/१४ | ९६२०६७६.०२ | ०७९/२/१५ | ७०७७३२१ | ०७९/९/२५ | १०० |

कार्यालयले उपलव्ध गराएको विवरण अनुसार हाल चालु रहेका १४ ठेक्का सम्झौतामध्ये ठेक्काको शुरु अवधिको शतप्रतिशत अवधिभन्दा बढी म्याद थप भएका १ ठेक्का रहेको छ । एउटै कारण जनाई पटक पटक गरी निर्माण कार्यको शुरु सम्झौता अवधिभन्दा बढी अवधिको म्याद थप गरीएपनि कार्य सम्पन्न हुन सकेको छैन । २०७९।९।२५ पछि उक्त ठेक्काको म्याद समाप्त भएपनि हालसम्म कुनै कारवाही समेत भएको पाइएन । तसर्थ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०क मा खरिद संझौताको अवधि समाप्त भएको अवस्थामा म्याद थपको लागि निवेदन परी कुनै निर्णय नभएको हकमा यस नियम प्रारम्भ भएको मितिले २१ दिन भित्र म्याद थपको लागि निवेदन दिनुपर्ने र म्याद थप गर्ने अधिकारीले कम्तीमा २ वटा माइलस्टोन तोकी थप आर्थिक व्ययभार नपर्ने गरी निवेदन प्राप्त भएको मितिले ३० दिनभित्र म्याद थप गरीसक्नुपर्ने उल्लेख छ। साथै संझौताको अवधि थपको लागि निवेदन नपरेका तथा कार्यस्थलमा ६ महिना देखि कुनै पनि कार्य नगरेका निर्माण व्यवसायीको संझौताको म्याद थप नगरीने र खरिद संझौताको अन्त्य गरीने उल्लेख छ। उपर्युक्त ठेक्काको कानुनतः म्याद थप गर्न मिल्ने नदेखिएकोले निजलाई संझौता रकमको १० प्रतिशतमा नबढने गरी पूर्वनिर्धारित क्षतिपुर्ति लगाई कार्य सम्पन्न गर्नुपर्ने वा खरिद संझौताको अन्त्य गर्नुपर्ने देखिन्छ।

३९ **अनुत्पादक क्षेत्रमा लगानी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा गाउँपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । तर यस गाउँपालिकाले सामुदायिक भवन, मसानघाट क्लब भवन, मन्दिर तथा गुम्बा निर्माण, खेलकुद मैदान जस्ता अनुत्पादक योजनाहरु समेत अधिक संख्यामा छनौट गरी खर्च गरेको पाइयो । यससम्बन्धी केही उदाहरण देहाय अनुसार छन्-

| **भौ.नं./मिति** | **योजनाको नाम** | **रकम रु.** |
|---|---|---|
| १९५-२०८०।२।७ | जामुने मन्दिर निर्माण | २००००० |
| १९४-२०८०।२।७ | चिसापानी मन्दिर निर्माण | २००००० |
| २०८-२०८०।२।१२ | भेड्पुपोखरि बुद्ध मन्दिर निर्माण | ३००००० |
| २२०-२०८०।२।२९ | भिम मावि धनुके खेल मैदान निर्माण | ६००००० |
| ८९-२०७९।१२।१४ | आजादी मावि खेल मैदान विस्तार | ८००००० |

४० **लागत अनुमान तथा कार्य सम्पन्न परिमाण** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र कामको मूल्याङ्कनमा बराबर परिमाण र रकम उल्लेख गर्ने गरेको देखियो । लागत अनुमान बराबर नै मूल्याङ्कन भएको देखिएकाले यथार्थ कामको परिमाण तथा रकम सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन ।

प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायत खुलाउनुपर्ने सबै तथ्याङ्क पूर्णरुपमा उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

४१ **कार्यालयको काम उपभोक्ता समितिबाट -**

✄ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर नियमित गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१५ को निर्णयबाट रु.१,१७,३३,००९। सम्परीक्षण गरिएको ।)***

४२ **उपभोक्ता समिति मार्फत् कार्य तथा बिल/भरपाई-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउने सम्बन्धी कार्यविधि उल्लेख छ । नियमावलीमा भएको व्यवस्थाको पालना सम्बन्धमा निम्नानुसार देखिएको छ ।नियमावलीको नियम ९७ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बील, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । उल्लिखित निर्माण कार्य गर्न सम्झौता भएका उपभोक्ता समितिको कामको प्राविधिक मूल्यांकनको आधारमा मात्र भुक्तानी दिने गरेको देखियो । नियमावलीमा व्यवस्था भए बमोजिमको बिल, भरपाई र खर्च प्रमाणित गर्ने कागजात समितिको बैठकबाट अनुमोदन गराई कार्यालयमा पेश गर्ने गरेको पाइएन । यसका केही उदाहरण देहायअनुसार छन् ।

| **योजनाको नाम** | **भुक्तानी रकम** | **बिल भरपाई पेश नभएको सामानको नाम र खर्च रकम** | | | **जम्मा** |
|---|---|---|---|---|---|
| | | **ढुंगा** | **गिटी** | **वालुवा** | |
| च्यासिधारे सिंचाइ योजना | ७७६००० | १००२१३ | ० | ० | १००२१३ |
| रिठ्ठे छाँगा सिंचाइ योजना | १४५५००० | ११०१४३ | ० | ० | ११०१४३ |
| मेलुङ डाँडाखर्क सडक स्तरोन्नती | ४८५००० | २९९३१६ | ० | ० | २९९३१६ |
| खत्रीटोल सिंचाइ योजना | ९७०००० | ७०४४० | १२४६३१ | ९०३१५ | २९४३६६ |
| माने सडक स्तरोन्नति | ८७३००० | ४६५००२ | ० | ० | ४६५००२ |

| | | | | | |
|---|---|---|---|---|---|
| पिपलडाँडा वडा कार्यालय सडक स्तरोन्नती | १४५५००० | ८४५४९४ | ० | ० | ८४५४९४ |
| इन्द्रावती मन्दिर संरक्षण | २४२५००० | ४९१६११ | ५११५० | १९४८३० | ७३७५९१ |

• नियमावलीको नियम ९७ (१२) मा उपभोक्ता समिति मार्फत भएको निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । कार्यालयले सम्पन्न आयोजनाहरु सम्वन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने गरेको देखिएन ।

• उपभोक्तासँगको खरिद सम्झौतामा सबै कामहरु इन्जिनियरिङ्ग नम्स, ड्रईङ, डिजाईन संलग्न प्राविधिक स्पेशिफिकेशन अनुसार गर्नुपर्ने व्यवस्था रहेकोमा कुनै पनि उपभोक्ता समितिको कार्यमा ड्रईङ, डिजाईन तयार गरेको पाइएन । साथै कतपिय उपभोक्ता समितिले काम भएको प्रमाणित गर्ने तस्विर समेत संलग्न रहेको छैन । उपभोक्ता समितिबाट भएको काममा पारदर्शिताको कमी देखिन्छ।

• उपभोक्ता समितिबाट गरेको कार्यमा तोकिएको अवधि सम्म दुरुस्त राख्नु पर्ने भएमा त्रुटि सच्याउने अवधि सम्मको धरौटी राख्नु पर्दछ । त्रुटि सच्याउने अवधिसम्मको धरौटी राखे गरेको पाइएन । निर्माण कार्यको भुक्तानी गर्दा धरौटी कट्टा गर्ने व्यवस्था मिलाउन उपयुक्त हुने देखिन्छ ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा डोजर लगायतका मेशीन प्रयोग गर्न नहुने व्यवस्था छ। उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नहुने जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन ।

४३ **हेभी इक्विपमेण्टको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्वन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । गाउँपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्वन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्वन्धित प्राविधिकको सिफारिश गराई गाउँ गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरण निम्नानुसार रहेका छन् :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| ९४-२०७९।१२।१५ | डाँडाखर्क पाखेडाँडा सडक उ.स. | सडक स्तरोन्नती | ४८५००० | स्काभेटर | ५७०५३७ |
| १९१-२०८०।२।७ | पोखरी भदौरे खहरे सडक निर्माण उपभोक्ता समिति | सडक निर्माण | ४८५००० | स्काभेटर | ५५६८६४ |
| २००-२०८०।२।८ | प्रसाद खाने चौर सिस्नेरी खोला मंसिरे खोला सडक स्तरोन्नती उपभोक्ता समिति | सडक स्तरोन्नती | १४५५००० | स्काभेटर | १६२५१६६ |

४४ **लागत साझेदारी -**

***........... (प्रारम्भिक प्रतिवेदन उपर नियमित गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१५ को निर्णयबाट रु.२७,१०,६६६। सम्परीक्षण गरिएको ।)***

४५ **लागत सहभागिता** - सार्वजनिक खरिद निमयावली, २०६४ को निमय ९७ मा कुनै पनि निर्माण कार्य गराउँदा खरिद सम्झौता गर्नुपर्ने र खरिद सम्झौतामा निर्माण कार्यको प्रकृति, परिमाण, लागत अनुमान, उपभोक्ता समितिले व्यहोर्नुपर्ने रकम, कार्य वा सेवा सम्पन्न गर्नुपर्ने अवधि उल्लेख गर्नुपर्ने व्यवस्था छ । साथै गाउँपालिकाबाट भएको निर्णयमा उपभोक्ता समिति मार्फत गरीने निर्माण कार्यमा उपभोक्ताहरुले लागत मूल्यको न्यूनतम १० देखि १५ प्रतिशतसम्म योगदान गर्नुपर्ने उल्लेख छ । कार्यालयले देहायको कार्य उपभोक्ता समितिबाट गराउँदा नियममा उल्लेख भए अनुसार उपभोक्ताको योगदान समावेश गराएको पाइएन। उपभोक्ता समितिलाई कार्यमूल्यांकनको आधारमा भुक्तानी भएको रकममा उपभोक्ताले व्यहोर्नुपर्ने न्यूनतम १० प्रतिशत रकम रु.७९४६३।- असुल गरी दाखिला हुनुपर्ने रु.

| भौ.नं र मिति | कामको विवरण/ उपभोक्ता | लागत अनुमान रकम | सम्पन्न रकम | १० प्रतिशतले हुने रकम |
|---|---|---|---|---|
| ९-२०७९।८।२० | सित्तली मेलुङ डाँडाखर्क सडक सरसफाई (उ.स.) | १९९४८६ | २०१४२२ | २०१४२ |
| ११-२०७९।८।२० | अर्चले खहरेखोला नियन्त्रण योजना (उ.स.) | ५८९०८२ | ५९३२१२ | ५९३२१ |
| **जम्मा** | | | | **७९४६३** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७९,४६३ |

४६ **जटिल संरचना निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरण निम्नानुसार रहेका छन् :

| **भौ.नं. र मिति** | **कार्य/उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रकम रु.** |
|---|---|---|---|
| ८५-२०७९।१२।१४ | ७ नं वडा कार्यालय भवन निर्माण समिति | भवन निर्माण | २४२५००० |
| १८७-२०८०।२।५ | वडा नं.४ गाउँ प्रशासनिक केन्द्र भवन निर्माण उपभोक्ता समिति | भवन निर्माणको लागि जमिन सम्याउने कार्य | १९३९७८४ |
| २३७-२०८०।२।३२ | वडा नं.५ कार्यालय भवन निर्माण उपभोक्ता समिति | भवन निर्माण | १९४०००० |
| १५२-२०८०।१।२४ | वडा नं.६ कार्यालय भवन निर्माण उपभोक्ता समिति | भवन निर्माण | १४४१७७५ |
| २८-२०७९।१२।२६<br>४६-२०८०।२।३१<br>प्रदेश | डाँडाखर्क स्वास्थ्य चौकी भवन निर्माण उपभोक्ता समिति | भवन निर्माण | २९१०००० |
| २४०-२०८०।२।३२ | कालीचौर सामुदायिक भवन उपभोक्ता समिति | भवन निर्माण | ११६४००० |
| १८३-२०८०।२।४ | वडा नं.७ को मगर संग्राहलय भवन निर्माण उपभोक्ता समिति | भवन निर्माण | १४५५००० |

नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

४७ **उपभोक्ता समितिबाट खरिद -** सार्बजनिक खरिद नियममावली, २०६४ को नियम ९७ अनुसार सामान खरिद कार्य उपभोक्ताबाट गराउन मिल्ने व्यवस्था गरेको देखिएन । खरिद कार्य सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धी बिधिबाट खरिद गर्नुपर्नेमा देहायको कार्यक्रम खरिद उपभोक्ता समितिबाट गर्नु नियमसम्मत् देखिएन।

| **भौ.नं. र मिति** | **कार्यक्रम** | **भुक्तानी पाउने** | **रकम रु.** |
|---|---|---|---|
| ४१-२०७९/११/५ | व्यायामशाला सञ्चालनका लागि सामान खरिद | व्यायामशाला सञ्चालन उपभोक्ता समिति | ९७०००० |
| ४८-२०८०/३/१० | पाइप खरिद | वोत्ले खोला सिंचाइ योजना उपभोक्ता समिति | २३२३३२९ |

४८ **समपूरक अनुदानको अंश -** प्रदेश सरकारको समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ को दफा ४ मा आयोजनाको प्रकृति, प्राथमिकता, प्राप्त हुनसक्ने सम्भाव्य उपलब्धि, दिगोपना आदिको आधारमा कुल लागतको बढीमा पचास प्रतिशतसम्म रकम प्रदेश सरकारले अनुदानको रुपमा प्रदान गर्न सक्ने र बांकि पचास प्रतिशत रकम सम्बन्धीत स्थानीय तहले जुटाउन पर्ने व्यवस्था रहेको छ । प्रदेश समपूरक अनुदानमा संचालित आयोजनाहरुमा खर्च गर्दा सोही अनुपातमा पचास/पचास प्रतिशतले खर्च व्यहोर्ने गरी भुक्तानी गर्नुपर्नेमा यस गाउँपालिकाले प्रदेश सरकारबाट व्यहोरिने अंश भन्दा न्यून हुने गरी गाउँपालिकाले खर्च गरेको पाइयो । सम्झौता अनुसार तोकिएको अवधिमा योजना कार्यान्वयन गर्न नसक्ने र वर्षको अन्त्यमा बजेट फ्रिज नगराउने उद्देश्यले सम्झौता विपरित खर्च गर्नु नियमसम्मत् देखिएन ।

४९ **खन्ने पुर्ने कार्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा सार्वजनिक निकायले निर्माण कार्य गर्दा तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । कार्यालयले देहायको खानेपानी योजनामा पाइप लाईन खन्ने काम, पाइप खरिद कार्य र पाइप लाईन पुर्ने काम गरेकोमा अधिकांशमा पाइप खरिद कार्य भन्दा पाइप लाईन खन्ने तथा पुर्ने कार्यमा कम परिमाण (लम्बाइ) देखाएको पाइयो । यसरी पाइप खरिद र खन्ने काम मात्रले कार्यसम्पन्न नहुने साथै पुर्ने कार्य नराख्दा विच्छाइएका पाइप समेत सुरक्षा हुन नसक्ने देखिएकोले कार्यालयले यस्तो कार्यको लागि लागत अनुमान गर्दा नै विचार पुऱ्याउनु पर्ने देखिन्छ । त्यस्ता कार्य उपभोक्ता समितिबाट भएकोमा नापीमा उल्लेख गरी उपभोक्ताको जनसहभागितामा समावेश गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । यसका केही उदाहरण देहायअनुसार छन्-

| योजनाको नाम | पाइप लाईन खन्ने कार्य मिटर | पाइप खरिद मिटर | पाइप लाईन पुर्ने कार्य मिटर |
|---|---|---|---|
| तल्लो अरले खानेपानी योजना | ९७० | ५४३० | ९७० |
| अरले खानेपानी योजना | २५०० | ३००० | २५०० |
| मेलुङ बजार खानेपानी योजना | ० | २६०० | ० |
| खड्काथोक खानेपानी योजना | ८५० | ३८०० | ८५० |
| माकुने ठुलो ढुंगा खानेपानी योजना | १८०० | ७६०० | १८०० |

५० **मालसामानको स्पेशिफिकेशन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यस सम्बन्धी स्पेसिफिकेशन तथा अन्य विवरणहरु तयार गर्नु पर्ने व्यवस्था । स्वीकृत स्पेसिफिकेशनको अधिनमा रही सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ बमोजिम लागत अनुमान तयार गरी नियम १४ बमोजिम सो लागत अनुमान अधिकार प्राप्त अधिकारीबाट स्वीकृत हुनुपर्ने व्यवस्था छ । गाउँपालिकाले इन्टरनेट तार व्यवस्थापनका लागि विद्युतीय पोल खरिद कार्य गर्न सनस्टार मल्टि पर्पोज एण्ड कन्स्ट्रक्सन प्रालिसँग रु. ५०००००।- को खरिद सम्झौता गर्दा उक्त कार्यको नियमानुसारको स्पेशिफिकेशन र लागत अनुमान तयार गरेको पाइएन । तसर्थ कार्यालयले आर्थिक अनुशासनको पालनतर्फ ध्यान दिनुपर्दछ ।

५१ **फिल्ड प्रोत्साहन भत्ता -** सार्वजनिक खर्चलाई मितव्ययिता तथा प्रभावकारी बनाउने सम्वन्धी मापदण्ड अनुसार प्रोत्साहन भत्ता, अतिरिक्त समय काम गरेवापतको भत्ता, जोखिम भत्ता, विशेष भत्ता, खाजाखाना लगायतका कनै

पनि प्रकारका भत्ता प्रदान गर्न नमिल्ने उल्लेख छ । गाउँपालिकाले यस वर्ष प्राविधिक कर्मचारीहरुलाई २०७९ श्रावण देखि २०८० आषाढसम्म फिल्ड प्रोत्साहन भत्ता भनी शुरु तलब स्केलको ४० प्रतिशतका दरले रु.१४२०३३०।- फिल्ड भत्ता उपलब्ध गराएको पाइयो। नियमानुसार उक्त फिल्ड भत्ता बापतको रकम दिन मिल्ने नदेखिएकोले उक्त खर्च नियमसम्मत देखिएन ।

५२ **परामर्श सेवा खरिद -** गाउँपालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९/८० मा परामर्श सेवा (डि.पि.आर. समेत) वापत रु.३२५९००० भुक्तानी गरेको देखियो । सोसम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।यस सम्बन्धी विवरण अनुसूची-६ मा संलग्न छ ।

उल्लिखित विवरण अनुसार गाउँपालिकाले यस वर्ष माथि उल्लेखित कार्यमा परामर्शबाट ४ वटा सेवा खरिदका लागि जम्मा रु.३३००००० को लागत अनुमान तयार गरी सम्झौता अनुसार रु.३२५९००० भुक्तानी गरेको पाइयो । उक्त खरिद गर्दा लागत अनुमानको तुलनामा औसतमा १.२१ प्रतिशत कम रकममा खरिद सम्झौता भएको देखिन्छ । गाउँपालिकाले यस्तो कार्य गर्दा सम्भव भए सम्म कार्यालयकै प्राविधिक जनशक्तिबाट गराउने तथा परामर्श सेवा खरिद गर्नुपर्दाको अवस्थामा प्रतिस्पर्धात्मक विधि अवलम्बन गरी सार्वजनिक खर्चमा अधिकतम मितव्ययिता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

५३ **थप मू. अ. कर -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम भुक्तानी दिनुपर्ने उल्लेख छ । कार्यालयले निम्न निर्माण कार्यको प्रोभिजनल सम आइटमको भुक्तानी गर्दा निम्न निर्माण व्यवसायीलाई मू.अ.कर थप गरी बढी भुक्तानी दिएको देखिएकोले उक्त रकम असुल हुनुपर्ने रु.

| **निर्माण व्यवसायी** | **कार्य विवरण** | **प्रोभिजनल अंक** | **थप मु.अ. कर रकम** |
|---|---|---|---|
| जनउपकार कन्स्ट्रक्सन प्रालि | विरौटा मार्ग (पौवा तीन पिप्ले सडक निर्माण) | ३९६३५ | ५१५२ |
| सनस्टार मल्टी पर्पोज एण्ड कन्स्ट्रक्सन कम्पनी प्रालि | अधेरीखोला रोटेपिङ खानेपानी आयोजना | १७८५० | २३२० |
| जनउपकार कन्स्ट्रक्सन प्रालि | गोलेगाउँ फड्केखोला हुँदै मेलुङ ४ सडक निर्माण | ३४११६ | ३९२४ |
| सनस्टार मल्टी पर्पोज एण्ड कन्स्ट्रक्सन कम्पनी प्रालि | गैरेली खानेपानी योजना मेलुङ २ | १२९०५ | १४८५ |
| सनस्टार मल्टी पर्पोज एण्ड कन्स्ट्रक्सन कम्पनी प्रालि | गौरावारी मुल इन्द्रावती खानेपानी योजना मेलुङ | १५३२२ | १७६३ |
| के एण्ड एस विल्डर्स | भुमेस्थान तिनेचौर डाँडाखर्क सडक | ५०६६३ | ५८२८ |
| के एण्ड एस विल्डर्स | गाइखुरा मार्ग (भेड्पु पोखरी डाँडाखर्क खण्ड) | ५४६४० | ६२८६ |
| दिपाल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रालि | विरौटा मार्ग (पौवा ओडारे) | १८१८३ | २०९२ |

| | | | |
|---|---|---|---|
| के एण्ड एस विल्डर्स | लामाटार मार्ग (चौतारा पाखा देखि वगुवासम्म) | ५२९०० | ६१९१ |
| युङडुङग कन्स्ट्रक्सन प्रालि | मेलुङ मेघासी मिल्तीखोला सडक | २३६८८ | ३०७९ |
| फुयाल इन्फ्रा प्रालि | सत्यश्वर मार्ग (सिम्टे, सत्यश्वर, थालीडाँडा खण्ड) | ३८१८६ | ४९६४ |
| जनउपकार कन्स्ट्रक्सन प्रालि | खुन्द्रुके लक्ष्मी मावि सडक | २१५९९ | २८०७ |
| **जम्मा** | | | **४५८९१** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४५,८९१ |

५४ **नन फाइलर -** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २६ (१) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले विक्रम सम्वत् अनुसारको एक महिनाको कर अवधिको कर विवरण सो अवधि समाप्त भएको मितिले २५ दिन भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था छ । यस सम्वन्धमा अर्थ मन्त्रालयले चलानी नं ३२७, मिति २०७७।०८।०९ को पत्रबाट आयकर वा मूल्य अभिवृद्धि कर विवरण बुझाए/नबुझाएको सुनिश्चित गरेर मात्र भुक्तानी दिनुपर्ने गरी पत्राचार गरेको छ । विभिन्न सिँचाइ योजनाको निर्माण कार्य गर्ने देहायका निर्माण व्यवसायी नन-फाइलर देखिएकोले निजहरुलाई भुक्तानी भएको मू.अ.कर सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा विवरण पेश गरी समायोजन गरेको पाइएन । अतः देहायअनुसार भुक्तानी भएको मू.अ. कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

| **गो.भौ.** | **फर्म/ आपूर्तिकर्ताको संलग्न बिल** | **प्यान नं.** | **भुक्तानी/ बिजक रकम रु.** | **मु.अ.कर कर रकम** | **नन्फाइलर रहेको मिति** |
|---|---|---|---|---|---|
| ५३।०८०।३।२० | सनस्टार मल्टी प्रर्पोज एण्ड कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | ६०६६२०८९१ | ५२७३८५२ | ६०६७२६ | २०७९।M।८ |
| **जम्मा** | | | | ६०६७२६ | |

*.......... **(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१५ को निर्णयबाट रु.११,९६,६६८/- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,०६,७२६ |

५५ **विद्यालयगत निकासा अभिलेख -** अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्टर खाता अद्यावधिक गरी राख्नु पर्दछ ।

५६ **औषधी खरिद -** ✄ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर नियमित गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०/११/१५ को निर्णयबाट रु.३२,७१,५४३/- सम्परीक्षण गरिएको ।)***

५७ **सेनिटरी प्याड खरिद तथा मौज्दात -**

✄ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०/११/१५ को निर्णयबाट रु.९,९६,६६०/- सम्परीक्षण गरिएको ।)***

५८ **शैक्षिक प्रतिवेदन -** अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१) मा प्रत्येक गाउँपालिकाले गाउँ/नगर सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक र निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने वालवालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना भएका वालवालिकाको संख्या, विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पुरा गरेका वालवालिका संख्या, विद्यालय भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको श्रोत र अन्य आवश्यक कुरा सहितको प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । उपदफा (२) मा उपर्युक्त अनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षा सम्बन्धी विषय हेर्ने संघीय र प्रादेशिक मन्त्रालयमा समेत पठाउनुपर्ने उल्लेख छ । गाउँपालिकाले कानूनमा व्यवस्था भए बमोजिम प्रतिवेदन पेश गरेको देखिएन ।

५९ **सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्वन्धित स्थानीय निकायले सामुदायीक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्यन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने ब्यवस्था छ । कार्यालयले आ.व. २०७९।८० मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरी प्रतिवेदन तयार गरेको देखिएन । गाउँपालिकाले अन्तर्गतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ पर्याप्त ध्यान दिनु पर्दछ ।

६० **छात्रवृत्ति अनुदान -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल,भरपाइ,प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको छात्रवृत्तिको लागि निम्न विद्यालयलाई अनुदान दिएकोमा सम्बन्धित विद्यालयबाट छात्रवृत्ति वितरणको भर्पाइ पेश भएको नपाइएकोले वितरणको भर्पाइ तथा अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु.

| क.स | विद्यालयको नाम | निकासा रकम | भरपाइ पेश भएको रकम | भरपाइ पेश नभएको रकम |
|---|---|---|---|---|
| १ | श्री त्रिभुवन मा.वि | ४५२०० | ० | ४५२०० |
| २ | श्री डाडाँखर्क मा.वि | ४८८०० | ० | ४८८०० |
| ३ | श्री जुके मा.वि. | १६००० | ० | १६००० |
| ४ | श्री भीम मा.वि. | १८८०० | ० | १८८०० |
| ५ | श्री पाखेडाँडा आ.वि. | ४५६०० | ० | ४५६०० |
| ६ | श्री कालिदेवी आ.वि. | ८८०० | ० | ८८०० |
| ७ | श्री सेतीदेवि आ.वि. | ३८०० | ० | ३८०० |
| ८ | श्री श्यामाटार आ.वि. | ५२०० | ० | ५२०० |
| ९ | श्री सत्यश्वर मा. वि. | ३७६०० | ० | ३७६०० |
| **जम्मा** | | **२२९८००** | | **२२९८००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,२९,८०० |

६१ **अनुदानको अनुगमन तथा उपयोग -** कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार छात्रवृत्ति तथा पाठ्यपुस्तक दोहोरो नपर्ने गरी वितरण गर्ने व्यवस्थाका लागि कार्यालयले अनुगमन गर्नुपर्दछ । कार्यालयले यो वर्ष विद्यालयहरुलाई यस आ.व. मा छात्रवृत्ति बापत रु.५८५४००।-, निःशुल्क पाठ्यपुस्तक बापत रु. १९०८७८९।- र दिवा खाजा बापत रु.४६३३७३५ ।- गरी रु.७१२७९२४ ।- निकासा दिएको पाइयो । उक्त निकासा रकम तोकिएको प्रकृया अनुसार वितरण भए नभएको तथा दोहोरो परे नपरेको सम्बन्धमा कार्यालयले अनुगमन गरेको पाइएन । जसबाट सो रकमको सही उपयोग सम्बन्धमा सुनिश्चित हुने आधार देखिएन । तसर्थ कार्यालयबाट निकासा हुने रकम दोहोरो नहुने तथा तोकिए बमोजिम वितरण गर्ने व्यवस्थाका लागि निरन्तर अनुगमन/मूल्याङ्कन हुनुपर्दछ।

६२ **कृषि तथा पशु क्षेत्रका अनुदानको उपयोग -** बागमती प्रदेश सरकारबाट जारी प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ कृषक समूह/सहकारीसँग गरेको सम्झौतामा आयोजना कार्यान्वयन

सन्तोषजनक रहे नरहेको, अनुदानको उपयोग स्वीकृत क्रियाकलाप अनुसार भए नभएको, ती संस्थाले अन्य निकायबाट अनुदान लिए नलिएको लगायतका विषय अनुगमन गर्नुपर्ने उल्लेख छ । यस गाउँपालिका विभिन्न कृषि तथा पशुपंक्षी कृषक समूह तथा फर्महरुलाई विभिन्न कार्यका लागि अनुदान उपलब्ध गराएकोमा सोको उपयोग स्थिति तथा उपलब्धिको अनुगमन गरेको देखिएन । अतः अनुदान रकमबाट नागरीकको जीवनस्तरमा भएको परिवर्तन, रोजगारीमा वृद्धि, पुँजी र प्रविधिमा सुधार, राजस्वमा योगदान तथा अन्य सरोकारवालामा सकारात्मक सोच एवं व्यावसायिक अनुशरणबाट आर्थिक गतिविधिमा भएको परिवर्तन जस्ता पक्षमा देखिएको सकारात्मक सूचकको लेखाजोखा गरी अनुदान दिने कार्यलाई व्यवस्थित बनाउनुपर्दछ । यो वर्ष कार्यालयले कृषि तथा पशुपालन क्षेत्रमा प्रवाह गरेको अनुदानमा केही उदाहरण देहाय अनुसार छन्-

| क्र. स | कार्यक्रमको नाम | अनुदान रकम | अनुदान % | लाभग्राही संख्या |
|---|---|---|---|---|
| १ | किवी पकेट विकास कार्यक्रम | ९६०००० | ५० | १०० |
| २ | वोयर बोका वितरण | ७४७४५० | ५० | १६ |
| ३ | व्यावसायिक कागती खेती विस्तार कार्यक्रम | ५६०२४९ | ५० | १ |
| ४ | कागति विरुवा वितरण | २२३२९७ | १०० | १ |
| ५ | विभवन्न विरुवा वितरण | १९३५२२ | ५० | २४ |
| ६ | किवि विरुवा वितरण | ३६१७९५ | ५० | २ |
| ७ | अदुवा पकेट विकास कार्यक्रम | १९९९७० | १०० | २० |
| ८ | तरकारी बाली | १८५९१० | १०० | १ |
| ९ | बेसार खेती | २००००० | १०० | २७ |
| **कुल जम्मा** | | **३६३२१९३** | | **१९२** |

माथि उल्लिखित अनुदानको उपयोग स्थिति तथा उपलब्धि सम्बन्धमा आवधिक अनुगमन हुने गरेको देखिएन प्राप्त अनुदान रकमबाट कृषकहरुले कृषि तथा पशुधनको बीमा गराएको देखिएन । बीमालाई अनिवार्य गराई अनुदानका क्रियाकलाप सञ्चालन गर्नुपर्ने देखिन्छ। वितरण गरीने अनुदानलाई नतिजा एवं उत्पादनसँग आबद्ध गरी अनुदानको प्रभावकारिता वृद्धि गर्नुपर्दछ । वितरीत अनुदानबाट उत्पादन तथा उत्पादकत्वमा के कति वृद्धि भयो, सोको तथ्याङ्क लिई अनुदानलाई उत्पादकत्वसँग जोड्ने गरी एकीकृत अनुदान नीति तथा कानून तर्जुमा गरी अनुदान दिने व्यवस्था हुनु पर्दछ । अनुदान रकम प्रवाह गरेकै आधारमा वितरित रकमको समुचित उपयोग भएको छ भनी विश्वस्त हुने अवस्था देखिँदैन । निश्चित सूचक तथा मापदण्डको आधारमा अनुदान दिने व्यवस्था हुनुपर्दछ । साथै वितरित अनुदान रकमको स्पष्ट अभिलेख राखी कार्य सम्पादन तथा उपलब्धि स्थितिको नियमित अनुगमन र मूल्याङ्कन गर्ने व्यवस्था हुनुपर्दछ।

६३ **संस्थागत विद्यालयको छात्रवृत्ति -** संस्थागत विद्यालयले कुल विद्यार्थीको १० प्रतिशत छात्रवृत्ति विपन्न एवं सिमान्तकृत विद्यार्थीलाई उपलब्ध गराउनु पर्ने व्यवस्था छ। छात्रवृत्ति उपलब्ध गराएका विद्यार्थीहरुको नाम, थर, कक्षा तथा निजको बाबु आमाको नाम, थर, वतन सहितको विवरण विद्यालयले विद्यालयको सूचना पाटी टाँस गर्ने एवं विद्यालयको वेबसाइट भएमा त्यसमा राखी सार्वजनिक गर्नुपर्ने उल्लेख छ । साथै त्यस्तो विवरण शिक्षा शाखामा समेत पठाउनु पर्ने व्यवस्था छ । गाउँपालिकाबाट प्राप्त विवरण अनुसार शैक्षिक सत्र २०७९ को संस्थागत विद्यालको छात्रवृत्ति वितरण अवस्था देहायअनुसार रहेको पाइयो ।

| क.सं. | विद्यालय | विद्यालय संख्या | विद्यार्थी संख्या | छात्रवृत्ति प्राप्त गर्नुपर्ने विद्यार्थी संख्या | छात्रवृत्ति प्रदान गरेको संख्या |
|---|---|---|---|---|---|
| १ | संस्थागत | १ | ८७ | ९ जना | १० जना |

संस्थागत विद्यालयले तोकिए बमोजिम छात्रवृत्ति प्रदान गरे नगरेको सुनिश्चित हुने तर्फ थप ध्यान दिनुपर्ने देखिन्छ ।

६४ **सामुदायिक विद्यालयको दरबन्दी र पदपूर्ति -** आर्थिक वर्ष २०७९।०८० मा गाउँपालिका भित्रका ३३ वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था देहाए बमोजिम रहेको छ ।

| विद्यालयको किसिम | दरबन्दी संख्या | स्थायी पदपूर्ति | पदपूर्ति मध्ये राहत | पदपूर्ति मध्ये करार | रिक्त दरबन्दी |
|---|---|---|---|---|---|
| सामुदायिक | २०६ | ११७ | ५६ | २९ | ४ |

उक्त विवरण अनुसार गाउँपालिकामा जम्मा २०६ दरबन्दी रहेकोमा जना स्थायी पदपूर्ति ११७ र ५६ जना राहत र करारमा २९ नियुक्त गरी जम्मा २०२ पदपूर्ति गरेको देखिन्छ भने लेखापरीक्षणको समय सम्म पनि ४ पद रिक्त रहेका छन । गाउँपालिकाले विद्यालय संख्याका आधारमा सृजना गरेका पदहरुमा स्थायी पदपूर्ति गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

६५ **शिक्षक विद्यार्थी अनुपात -** संघीय व्यवस्था अनुसार विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा ४०:१, पहाडी भेगमा ४५:१ र तराई भेगमा ५०:१ रहने व्यवस्था छ । गाउँपालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९।०८० शिक्षक विद्यार्थी अनुपात देहाय बमोजिम रहेको पाइयो ।

| क स | विद्यालयकोनाम | शिक्षक संख्या | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | कालिका माध्यमिक विद्यालय | १४ | २०६ | १५ |
| २ | लक्ष्मी मा.वि | १४ | १७८ | १३ |
| ३ | चरणावती आ.वि | ६ | १४८ | २५ |
| ४ | जनजागृति आ.वि | २ | २३ | १२ |
| ५ | भुमेस्थान मा.वि | ११ | २४७ | २२ |
| ६ | सेतीदेवी आ.वि | २ | २६ | १३ |
| ७ | लोकतान्त्रिक आ.वि | ३ | २७ | ९ |
| ८ | डाँडाखर्क मा.वि | १६ | ३७९ | २५ |
| ९ | निगासे आ.वि | २ | ३२ | १६ |
| १० | पाखेडाँडा आ.वि | ६ | १४८ | ३० |
| ११ | दुधिलेभञ्ज्याङ आ.वि | ३ | ४५ | २३ |

| | | | | |
|---|---|---|---|---|
| १२ | इन्द्रावती आ.वि | २ | ३६ | १८ |
| १३ | आजादी मा.वि | १३ | २२५ | १७ |
| १४ | त्रिभुवन मा.वि | १८ | ३६९ | २२ |
| १५ | श्यामटार आ.वि | १ | १७ | १७ |
| १६ | सेतीदेवी आ.वि | ३ | ५५ | १८ |
| १७ | भीमेन्द्र आ.वि | ५ | ८१ | १६ |
| १८ | कर्णकाली आ.वि | १ | २१ | २१ |
| १९ | भीम मा.वि बुद्धचोक | १० | ९९ | १० |
| २० | जुके मा.वि | ९ | ९२ | १० |
| २१ | कालिदेवि आ.वि | ४ | ४३ | ११ |
| २२ | ढुङ्ग्रेदेवि आ.वि | २ | २८ | १४ |
| २३ | आहालडाँडा आ.वि | १ | १५ | १५ |
| २४ | चित्रे आ.वि | १ | २२ | २२ |
| २५ | सिद्धेश्वरी आ.वि | १ | १० | १० |
| २६ | भीम मा.वि धनुके | ९ | १८५ | २१ |
| २७ | दियालेखर्क आ.वि | ६ | ८३ | १४ |
| २८ | सत्यश्वर मा.वि | १६ | ३५२ | २२ |
| २९ | भंगेरी मा.वि | १२ | १२९ | ११ |
| ३० | सिम्टे आ.वि | ३ | ३७ | १२ |
| ३१ | ज्यामिरेबोटे आ.वि | १ | १८ | १८ |
| ३२ | जनता आ.वि | २ | ३० | १५ |
| ३३ | विन्धवासिनी आ.वि | ७ | ११७ | १७ |
| **जम्मा** | | **२०६** | **३५२३** | **५५४** |

उपर्युक्त विवरण अनुसार शिक्षक विद्यार्थी अनुपातप्रति शिक्षक १७ विद्यार्थी रहेकोले तोकिए भन्दा न्यून रहेको पाइयो ।

६६ **विद्यालय र विद्यार्थी संख्या -** गाउँपालिकाबाट प्राप्त शैक्षिक सत्र २०७९ को सामुदायिक र संस्थागत विद्यालय तथा विद्यार्थी संख्या देहाय अनुसार रहेको पाइयो ।

| **क्र.सं.** | **विद्यालयको किसिम** | **विद्यालय संख्या** | **विद्यार्थी संख्या** |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | ३३ | ३५२३ |
| २ | संस्थागत विद्यालय | १ | ८७ |
| **जम्मा** | | **३४** | **३६१०** |

उपर्युक्त विवरण अनुसार गाउँपालिकाको जम्मा विद्यार्थी संख्या ३६१० रहेकोमा ९७.५९ प्रतिशत सामुदायिक र २.४१ प्रतिशत विद्यार्थी संस्थागत विद्यालयमा अध्यनरत रहेको देखिन्छ ।

६७ **प्रति विद्यार्थी लागत -** गाउँपालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९/८० को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

